# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

माँदी गाउँपालिका

प.सं: २०८१/०८२

च.नं. ६०२

मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

मिति- २०८१।०७।२७

श्री सामुदायीक विद्यालय सबै,

मादी, कास्की।

विषय:-शिक्षक, विद्यार्थी पहिचान कार्यक्रम तथा प्रोत्साहन पुरस्कार सम्बन्धमा।

प्रस्तुत विषयमा सामाजिक विकास कार्यालय,कास्कीको च.न. ९५ मिति २०८१।०७।२० को पत्रअनुसार शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम कार्यान्वियनका लागि पालिका स्तरमा नृत्य प्रतियोगिता संचालन गरी पालिका स्तरमा प्रथम भएका विद्यार्थीहरुलाई जिल्ला स्तरीय प्रतियोगितामा सहभागी गराउन पर्ने भएकाले नृत्य प्रतियोगिता विधामा विद्यार्थीहरुलाई सम्बन्धित वडा अन्तर्गतका माध्यमिक वा आधारभुत (नि.मा.) विद्यालयहरुले आवश्यक समन्वय मार्फत छनौट गरी तपसिल बमोजिम कार्यक्रममा सहभागिताको लागि अनुरोध छ।

**१. विद्यार्थीहरुको नृत्य प्रतियोगिता तर्फ:**

- पालिकास्तरमा संचालन हुने **नृत्य** प्रतियोगितामा प्रत्येक वडाबाट माध्यमिक वा आधारभुत (नि.मा.) विद्यालयहरुले आवश्यक समन्वय मार्फत छनौट गरी एक समूहले मात्र प्रतियोगितामा भाग लिन पाउनेछन्।
- जिल्लास्तरमा संचालन हुने प्रतियोगितामा पालिकामा प्रथम स्थान प्राप्त गर्ने सफल विद्यार्थीहरुले मात्र प्रतियोगितामा भाग लिन पाउने छन्। नृत्य प्रतियोगिता सामुहिक हुनेछ र प्रत्येक नृत्य प्रतियोगितामा ४ देखि ५ जना सम्मले सहभागी हुन पाउनेछन्।
- नृत्य गरिने गीत लोक लयमा आधारित सामाजिक ,सास्कृतिक,मौलिक,चेतना फैलाउने खालको सन्देशमूलक हुनुपर्नेछ।
- प्रत्येक समूहलाई नृत्यको अवधी बढीमा ६ मिनेट समय उपलब्ध गराइनेछ।
- भेषभूषा प्रतियोगी स्वंयमले नै व्यवस्था गर्नुपर्ने छ साथै भेषभुषा तथा पहिरन भड्किलो नभई संस्कृति झल्किने किसिमको हुनुपर्ने छ।

**कार्यक्रम हुने स्थान:- मादी गाउँपालिकाको, सभाहल, मादी ३, कास्की।**

**विद्यार्थीहरुको नृत्य प्रतियोगिता सञ्चालन हुने मिति :- २०८१ मंसिर ९ गते,**

**कार्यक्रम हुने समय:- विहान ठिक १०:३० बजे,**

............................

२०८१/०८/२६

कमल प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

गाउँ पालिका स्तरीय प्रतियोगितामा प्रथम,द्धितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतियोगिलाई नगद पुरस्कार र प्रमाणपत्र उपलब्ध गराइनेछ।

कार्यक्रममा सहभागी हुनेहरुको विवरण गाउँपालिकाको कार्यालयमा मिति २०८१ मंसिर ७ गते ४ बजे भित्र दर्ता गर्नुपर्नेछ।

**नोट- जिल्लास्तरमा संचालन हुने शिक्षकहरुको हाजिरीजवाफ प्रतियोगिता, शिक्षक र विद्यार्थीहरुको वक्तृत्वकला प्रतियोगितामा सहभागिताको लागि पालिकास्तरमा सम्पन्न भैसकेका कार्यक्रमहरुमा प्रथम स्थान हासिल गरेको शिक्षक तथा विद्यार्थीहरुलाई छनौट गरी पठाइने व्यहोरा अनुरोध छ।**